श्री
# सर्वोच्च अदालत
(अनुसन्धान तथा योजना महाशाखा)

रामशाहपथ, काठमाडौं
:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
research@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या : ०८१/०८२
प्राप्त पत्र संख्या र मिति :
च.नं. १४२

मिति: २०८१/०५/०९

विषय: धन्यवाद ज्ञापन।

श्री भोजपुर जिल्ला अदालत।

न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेका लक्ष्यहरू प्राप्त गर्न गरिएको निरन्तरको लगन र मेहनतको परिणामस्वरूप आर्थिक वर्ष २०८०/०८१ मा जिल्ला अदालतहरूको जम्मा लगत २५८५२१ मध्ये १४८७२७ अर्थात् ५८ प्रतिशत मुद्दा फर्छ्यौट भएका छन्। योजनाले निर्देश गरेबमोजिम जिल्ला अदालतहरुले निर्धारण गरेको वार्षिक लक्ष्यको औषत ९० प्रतिशत प्रगति हासिल गरेका छन्। त्यस जिल्ला अदालतले उत्कृष्ट कार्यसम्पादन गरी **कूल वार्षिक लगतको ६५ प्रतिशत भन्दा बढी मुद्दा फर्छ्यौट गर्नुका साथै १८ महिना नाघेका मुद्दा समेत शून्यमा ल्याउन सफल भएको** हुँदा खुशी लागेको छ। साथै यहाँहरुले प्रशंसनीय काम गर्नुभएको अनुभूति भएको छ। यहाँहरूको अथक मेहनत, उच्चस्तरको समर्पण र निरन्तरको प्रयास स्वरुप प्राप्त उपलब्धिहरुको उच्च सम्मान गर्दछु।

चौथो पञ्चवर्षीय रणनीतिक योजनाले निर्देश गरेबमोजिम सबै अदालतहरुले आर्थिक वर्ष २०८०/०८१ को लागि निर्धारित वार्षिक लक्ष्यसमेतका आधारमा उत्कृष्ट कार्यसम्पादन गर्ने अदालतहरु छनौटका लागि यस समितिको मिति २०८१।४।२२ को निर्णयानुसार तय गरिएको कार्यसम्पादन सूचकलाई मापदण्ड मानी जिल्ला अदालतहरुमा गत आर्थिक वर्षमा २ वर्ष नाघेका, १८ महिना नाघेका तथा १ वर्ष नाघेका मुद्दा शून्यमा झार्नमा गरेको प्रयास, लगतका आधारमा मुद्दा फछ्यौंटको प्रतिशत र प्रति न्यायाधीश औसत मुद्दा फछ्यौंटसमेतका आधारमा उत्कृष्ट कार्यसम्पादन गर्नुभएकोमा विशेष धन्यवाद दिन चाहन्छु।

गत आर्थिक वर्ष पुराना बक्यौता मुद्दा न्यूनीकरण गर्ने विशेष रणनीति तय गरी उच्च र जिल्ला अदालतहरुमा दुई वर्ष पुराना बक्यौता मुद्दा शून्यमा झार्ने लक्ष्य (2+0 अभियान) लिइएको थियो। सोही लक्ष्य केन्द्रीत भई १८ महिना नाघेका पुराना बक्यौता मुद्दाको संख्या शुन्यमा ल्याउन सफल भएकोमा

श्री
# सर्वोच्च अदालत
(अनुसन्धान तथा योजना महाशाखा)

रामशाहपथ, काठमाडौं
:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
research@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

समेत विशेष धन्यवाद व्यक्त गर्दछु। विभिन्न प्रयासका बाबजुद पुराना बक्यौता मुद्दा संख्या शून्यमा ल्याउन सकिएन। तसर्थ, २०८२ असार मसान्तसम्ममा १८ महिना पुग्ने मुद्दाहरु यो आ.व.को अन्त्य सम्ममा बाँकी नरहने स्थिति कायम गर्ने विषयलाई न्यूनतम लक्ष्यको रुपमा लिई आगामी दिनमा सोही बमोजिमको कार्यसम्पादन गर्नुहुन आग्रह गर्दछु।

लागू भएको करिब ४ वर्ष भएता पनि फरक मुद्दा व्यवस्थापन पद्धतिको कार्यान्वयनमा समेत चुनौतीहरु देखिएका छन्। यस पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि हामी सबैमा उक्त पद्धतिप्रतिको स्वामित्ववोध, कार्यन्वयनको प्रतिबद्धता र निरन्तर अनुगमन आवश्यक छ। यसप्रति हामी सबै गम्भीर र संवेदनशील हुनुपर्ने देखिएको छ। अदालतहरुमा निरन्तर रुपमा बढिरहेको कार्यचापको अनुपातमा पर्याप्त र दक्ष जनशक्ति तथा भौतिक साधनस्रोत नरहेको अवस्थाप्रति हामी संवेदनशील र त्यसको प्राप्तिको लागि निरन्तर प्रयासरत छौं। हामीलाई के विश्वास छ भने हाम्रो दृढ संकल्प, उच्च मनोवल, प्रतिबद्वता र इमान्दार प्रयासबाट यही अवस्थामा पनि महत्वपूर्ण उपलब्धी हासिल गर्न सक्दछौं । न्यायिक जनशक्तिको वृत्तिविकास र मनोवल उच्च राख्न तथा सरोकारवालाहरू बीचको सहयोग र समन्वयका पक्षहरूलाई सम्बोधन गर्नेतर्फ हामी त्यत्तिकै सजग छौं। संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन र सेवा प्रवाहलाई सहज, पहुँचयुक्त, पारदर्शी र विश्वसनीय बनाई न्यायपालिकालाई आमनागरिकको आस्थाको अन्तिम धरोहरको रुपमा स्थापित गर्ने अभियानमा यहाँहरूको सक्रिय भूमिका तथा सार्थक योगदान रहने कुरामा विश्वस्त छु।

.......................................

(प्रकाशमान सिंह राउत)

मानननीय न्यायाधीश

एवम्

अध्यक्ष, अनुसन्धान तथा योजना समिति

सर्वोच्च अदालत